म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २०६ मंगलबार २२ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 5 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट यादव पक्राउ

हेटौंडा, २१ फागुन/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध ओसारपसारको आरोपमा एक जनालाई पक्राउ गरेको छ । रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब २ किलोसहित एक युवकलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा रौतहट माधवनारायण नगरपालिका-१ बस्ने २७ वर्षीय महेशकुमार यादव रहेको प्रहरी कार्यालयले जनाएको छ । प्रहरीका अनुसार, प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीले ना.६ ख ३५५७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार यादवलाई गाँजासहित पक्राउ गरिएको हो । पक्राउ परेका यादवमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाएको छ ।

# बागमतीको सत्तासमीकरण फेरबदलमा राप्रपा र 'हानेपा' निर्णायक

निशा गुरुङ

हेटौंडा, २१ फागुन/ केन्द्रीय सत्ता गठबन्धनमा उलटपुलट आएसँगै बागमतीमा पनि सरकार फेरबदल निश्चित प्राय: देखिएको छ ।

नेपाली कांग्रेस नेतृत्वको सत्ता गठबन्धन भत्किएर नेकपा एमालेसहितको नयाँ सत्ता गठबन्धन बन्ने भएपछि बागमतीमा पनि जोडघटाउ सुरु भएको छ । बागमतीमा नेकपा माओवादी केन्द्रको नेतृत्वमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) को सरकार छ । सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टी (हानेपा) भने हालसम्म सरकारमा सहभागी छैन ।

बागमतीमा हाल माओवादी केन्द्रका शालिकराम जम्कट्टेल मुख्यमन्त्री छन् । सत्तासमीकरणमा फेरबदल आएसँगै उनको मुख्यमन्त्रीको पनि टुंगो छैन । केन्द्रमा एमाले र माओवादीबीच कोशी र मधेश प्रदेशबाहेक पाँचवटा प्रदेशमा एमालेलाई ३ र माओवादीलाई २ मुख्यमन्त्रीको भागबण्डा लागेको चर्चा छ । नयाँ भागबण्डाअनुसार बागमती कुन दलले पाउने भन्नेमा निश्चित भइसकेको छैन । बागमती माओवादी केन्द्रकै भागमा परे जम्कट्टेल नै मुख्यमन्त्री रहनेछन् ।

एमालेको भागमा परे संसदीय दलका नेता जगन्नाथ थपलिया मुख्यमन्त्री हुनेछन् । जसकारण प्रदेशको भागबण्डा नटुंगिएसम्म मुख्यमन्त्री जम्कट्टेलकै कार्यकालको टुंगो नलागेको हो । एमालेका एक सांसदका अनुसार भागबण्डाको टुंगो नलागेसम्म औपचारिक रुपमा कुरा अगाडि नबढ्ने संकेत देखिएको छ । बागमतीमा समाचार तयार पार्दासम्म माओवादी र एमालेको सरकारको विषयमा संवाद हुन सकेको छैन । केन्द्रबाट भागबण्डाको टुंगो लगाएपछि मात्रै संवाद हुने ती एमाले सांसदले बताए ।



बागमतीमा पछिल्लो ७ महिनादेखि एमाले र माओवादीको सम्बन्ध राम्रो छैन । बजेटमा विपक्षीका योजना समेट्ने सहमति गरेर मुख्यमन्त्री जम्कट्टेलले कार्यान्वयन नगरेपछि एमाले र राप्रपा रुष्ट बनेका थिए । जम्कट्टेले सहमति कार्यान्वयनमा देखाएको व्यवहारले एमाले मुख्यमन्त्री परिवर्तनमै लाग्न सक्ने चर्चा पनि छ । 'माओवादी र एमालेबीचको बजेट विवाद केन्द्रसम्म पुगेको छ । मुख्यमन्त्रीप्रति एमालेको असन्तुष्टी पहिल्यैदेखि हो । सायद एमालेले मुख्यमन्त्रीमा दाबी गर्न सक्छ ।', एमालेका एक नेताले भने ।

२६ पुसमा माओवादी, एमाले र राप्रपाको गठबन्धन सरकार बागमतीमा थियो । त्यसको झण्डै दुई महिनापछि सत्ता समीकरणमा फेरबदल आएकाले माओवादीले कांग्रेस, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी (हानेपा)को समर्थनमा नयाँ सरकार बनाएको थियो । त्यसको एकवर्षपछि पुन: सत्तासमीकरणमा परिवर्तन आएको हो । केन्द्रीय राजनीतिमा गत १० पुसमा एमालेसहितको गठबन्धन बन्दा र पुन: कांग्रेस सहितको सत्तासमीकरण बदलिँदा पनि बागमतीको मन्त्रिपरिषद्मा पनि फेर बदल आएको थियो ।

बागमतीमा सत्तासमीकरण फेरबदलमा भने राप्रपा र हाम्रो नेपाली पार्टी (हानेपा) निर्णायक बनेका छन् । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि बहुमत ५६ सदस्य आवश्यक पर्दछ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हानेपाको २ सदस्य छन् । नयाँ गठबन्धनका नेकपा एमाले र माओवादी केन्द्रको सिटले मात्रै बागमतीमा सरकार सञ्चालन हुने अवस्था छैन ।

एमालेको २७ र माओवादी केन्द्रको २१ सिटले ४८ हुन आउँछ । एमालेबाट अपसरा चापागाईं उपसभामुख छिन् । एमाले र माओवादीलाई नयाँ सत्तासमीकरणमा सहजै बहुमत पुऱ्याउन राप्रपालाई सरकारमा ल्याउनुपर्ने हुन्छ । प्रदेशसभामा राप्रपासँग १३ सिट छ । राप्रपाका भुवनकुमार पाठक सभामुख छन् । एमालेको २६, माओवादीको २१ र राप्रपाको १२ सिट जोड्दा ५९ हुनेछ । जुन सरकार लागि पर्याप्त बहुमत हो । गत २६ पुसमा पनि यी तीन दलले सरकार गठन गरेक थिए ।

तर, राप्रपा सरकारमा नजाने भएपछि बहुमत पुऱ्याउन नेकपा एकीकृत समाजवादी र हानेपाको समर्थन आवश्यक पर्नेछ । एकीकृत समाजवादी ल्याएर मात्रै पनि सरकारलाई बहुमत नपुग्ने भएकाले हानेपाको साथ निर्णायक बनेको हो । एमाले, माओवादी, एकीकृत समाजवादी र हानेपाको गरेर ५७ सिट हुन आउँछ । जुन सरकारका लागि पर्याप्त हो । बागमतीमा नेपाली कांग्रेस, राप्रपा र नेकपा (एकीकृत समाजवादी)को पनि सरकार गठनका लागि सिट पुग्छ । कांग्रेस, राप्रपा र एकीकृत समाजवादी गरी ५७ सिट हुन आउँछ ।

राप्रपाले आन्दोलनमा रहेकाले सरकारमा नजाने बताएसँगै बागमतीको नयाँ गठबन्धनमा एकीकृत समाजवादी र हानेपालाई सहभागी गराउनुको विकल्प देखिँदैन । राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले पार्टीले निर्णय गरेअनुसार बागमतीमा भूमिका खेलिने बताए ।

**अर्थमन्त्री लामा विदेशमै**

सत्तासमीकरणमा बदलाव आएपनि नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता तथा आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा भने यतिबेला विदेश भ्रमणमा व्यस्त छन् ।

नेपाली कांग्रेसकी सहमहामन्त्री डीना उपाध्यायसमेत रहेको भ्रमणमा लामासँगै प्रदेशमा खानेपानी, उर्जा तथा सिंचाइ मन्त्री तीर्थ लामा पनि अर्थमन्त्री लामासँगै गएका हुन् । पार्टीले आयोजना गरेको विभिन्न कार्यक्रममा सहभागी हुन भन्दै सहमहामन्त्री उपाध्यायसँगै अर्थमन्त्री लामा १३ फागुनमा विदेश भ्रमणमा निस्किएको उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले जानकारी दिए ।

स्पेन, फ्रान्स, पोर्चुगल लगायत अन्य ५ देशको भ्रमणमा गएका अर्थमन्त्री लामा एकदुई दिनभित्रै फर्किने तयारी भएको उद्योगमन्त्री चित्रकारले बताए । लामा फर्किएलगत्तै बागमतीमा कांग्रेसले छलफल गरेर निर्णय लिने मन्त्री चित्रकारको भनाई छ ।

# चित्लाङ-थानकोट सडकको सेतोपहराको भित्ताभरि ऐना



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ चित्लाङ-थानकोट सडक (गणेशमान सिंह मार्ग) अन्तर्गत चन्द्रागिरी नगरपालिका-४ थानकोट पानीघाटस्थित सेतोपहरा क्षेत्रको भित्तामा ऐना झुण्ड्याउन थालिएको छ ।

सडक खन्नुपूर्व क्षमापूजा नगरिएकोले सेतोपहरा क्षेत्रमा अप्रिय घटना घटिरहेको भन्दै विश्वभक्त बाबा नाम गरेका एकजना साधकले केही समयअघि सो क्षेत्रमा सेतीदेवीको मन्दिर बनाई ऐना चढाउनुपर्ने बताएका थिए । सोही भनाइलाई आधार मान्दै सो क्षेत्रका भित्तामा ऐना झुण्ड्याउन थालिएको हो । चित्लाङ-थानकोट सडकमा केही समयअघि कार दुर्घटना हुँदा एकै परिवारका ५ जनाको मृत्यु भएको थियो ।

कुनै क्षेत्रमा दोष देखिएमा व्यक्तिको ध्यान बिकेन्द्रित हुने भएकोले ऐनाको प्रकाशले ध्यान केन्द्रित गर्न सहायता समेत पुग्ने भएकोले त्यस्ता स्थानमा ऐना राखेर दोष कम गर्ने चलन अन्यत्र पनि रहेको ती साधकले बताए । उनले आफूले ध्यानगर्दा सेतोपहरा क्षेत्रमा अलौकिक शक्तिले मन्दिर बनाउन सुझाएको बताउँदै यो स्थानमा सानो मन्दिर स्थापना गर्न आफू लागि परेको बताए ।

जसअनुरुप सोमबार सेतोपहरा क्षेत्रमा सेतीदेवीको मन्दिर स्थापना गरिएको छ । स्थानीय समाजसेवी हरि महतले सेतोपहरास्थित सडक किनारमा सेतीदेवीको मन्दिर स्थापना गरी प्राणप्रतिष्ठा गराएका छन् । बीपी राजमार्गस्थित सिन्धुलीको सुनकोसी गाउँपालिका-५ रिडेभिरको भित्तापनि सेतीदेवीको नाउँमा हजारौं ऐना टाँसिएका छन् । यो क्षेत्रमा दुर्घटना बढेपछि साधकहरुको भनाइमा सेतीदेवीको स्थान रहेको र ऐना चढाए देवीले शक्ति प्रदान गरी दुर्घटना टर्ने विश्वास स्थानीयसहित यात्रुले गर्दै आएका छन् ।

# मकवानपुर क्रिकेट टिमको लगातार दुई हार

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ बाराको जीतपुरसिमरामा भइरहेको टि-२० हरपुर क्रिकेट प्रतियोगितामा मकवानपुर क्रिकेट टिमले लगातार दुई पराजय भोगेको छ ।

दुई खेलमा पराजित भएसँगै मकवानपुर क्रिकेट टिम प्रतियोगिताबाट बाहिरिएको छ । मकवानपुर क्रिकेट टिम आइतबार कलैया र सोमबार गरुडा क्रिकेट टिमसँग पराजित भएको हो । गरुडा क्रिकेट क्लवले १ विकेटमा मकवानपुर विरुद्ध जित निकालेको छ ।

टस जितेर ब्याटिङ रोजेको मकवानपुरले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ५० रन मात्रै बनाउन सक्यो । मकवानपुरका शुभ कंसाकारले ७६ रन, रामनरेश गिरीले २४ रन, कप्तान सुमन सुनारले १५ रन बनाए । कंसाकारले अर्धसतक हान्दा अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । गरुडाका डब्लु मल्लिक, अभिराज यादवले समान २-२ विकेट र दिनेश अधिकारी, रुपेश सिंह, सुन्य शाहले समान १-१ विकेट लिए ।

मकवानपुरले दिएको १५१ रनको लक्ष्य पछ्याउँदै क्रिजमा आएको गरुडाले ९ विकेट गुमाउँदा १९ दशमलव ३ ओभरमा लक्ष्य भेटाएको थियो । गरुडाका दिनेश अधिकारीले सर्वाधिक ४६ रन जोडे । नितेश यादवले नटआउट २९ रन खेले । गरुडाका लागि रुपेश सिंहले २० रन जोडे । मकवानपुरका रामनरेश गिरी र रोहित ठाकुरले समान ३-३ विकेट र पियूश शर्मा, विशाल फुयाँल र अशिम श्रेष्ठले १-१ विकेट लिए ।

यसअघि मकवानपुर आइतबार कलैया क्रिकेट टिमसँग ६ विकेटले पराजित भएको थियो । कलैयाविरुद्ध टस जितेर क्रिजमा आएको मकवानपुर १५ ओभरमा सबै विकेट गुमाएर १ सय १६ रनमै समेटियो । ओपनर गौरभ खड्काले ४८ रन बनाए । मकवानपुरका सुवर्ण भट्टले १४ र रामनरेश गिरीले १३ रन मात्रै बनाए । अन्य खेलाडीले दोहोरो अंक बटुल्न सकेन । कलैयाका शंकर पौडेल एक्लैले ४ विकेट लिए । भुलन सहनीले २ विकेट र कुमार थापाले १ विकेट हात पारे ।

कलैयाले १८ दशमलव ३ ओभरको समाप्तिमा ४ विकेट गुमाएर १ सय १७ रनको लक्ष्य भेटाएको थियो । कलैयाका सहिल पटेलले ५४, निरज यादवले २८ र तृतराज दासले २० रन जोडे । मकवानपुरका रामनरेश गिरीले २ विकेट र पियुश शर्माले १ विकेट लिए । मक्वानपुर रहेको समूह 'ए' मा कलैया क्रिकेट क्लव, गरुडाको युथ क्रिकेट क्लव थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# सुरेल समुदायको समस्या

बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले दोलखाको गौरीशंकर गाउँपालिका-५ स्थित सुरेल जातिको बस्तीमा पुगेर सुरेलसँग अन्तरक्रिया गरेका छन् । प्रदेशका सीमान्त समुदायको उत्थानको अभियानमा लागेका प्रदेशप्रमुख शर्माले प्रदेशका विभिन्न जिल्लाभित्र रहेका सीमान्त समुदायमै पुगी उनीहरुको सवालबारेमा जानकारी लिने गरेका छन् । दोलखाको सुरी गाविसमा बासोबास गर्ने भएकोले नै सुरेल भनिएको भन्ने अध्ययनहरुबाट भेटिएको छ । समाजमा अत्यन्त अपमान खेपेकाले उनीहरुले विगतमा थर परिवर्तन गरी सुनुवार राखेका थिए । सुरेल जातिको उत्पति ५०० वर्ष पहिले रामेछापको सीमागढी पुर्ख्यौली भएका बासे र बीर बल नाम गरेका दुईजना ससुरा र ज्वाईं शिकार खेल्दै सुरी खोलाको किनारमा आइपुगेको र बास बस्ने क्रममा उनीहरु सुरी पुगेका थिए र पछि त्यहीँ नै बसोबास गर्न थाले र यसरी उनीहरु सुरीमा नै बसेकोले सुरेल भनिन थालेको अध्ययनमा भेटिएका छन् । यस सम्बन्धमा जब जिरेल जातिको उत्पत्ति भयो, जिरीमा बस्न थाले तर, पछि केही जिरेलहरु छुट्टिएर सुरीमा बस्न पुगे । त्यही बेलादेखि जिरीमा बस्नेलाई जिरेल भनियो र सुरीमा बस्नेलाई सुरेल भनियो भन्ने किम्बदन्ती पाइन्छ ।

सुरेल समुदायको बसोबास रहेको सुरीमा पुग्दा सुरेलले प्रदेशप्रमुख शर्मालाई न्यायो स्वागत गरे । सुरेल जाति उत्थान समाजका प्रतिनिधिले समस्या, गुनासा र सवालबारे आगामी दिनमा आवश्यक सहयोग पाइन्छ भन्ने आशा पलाएको बताए । सुरेल समुदाय विभिन्न कठिनाई झेल्दै जीवनयापन गरिरहेका छन् । शिक्षा, स्वास्थ्य, रोजगारीमा मुलप्रबाहबाट पछाडि परेका सुरेलको भाषा, संस्कृति लोप हुने अवस्थामा छ । यो समुदायलाई राजनीतिक दलहरुले स्वार्थअनुकूल प्रयोग मात्र गरेको तर, संरक्षणमा ध्यान नदिएको गुनासो पाइएको छ । राजनीतिक कारण नै समाजलाई विभिन्न कित्तामा विभाजन गरिऐको छ । चुनावमा भोट हाल्ने विषय फरक हो । बागमती प्रदेश सरकारले आगामी दिनमा ल्याउने नीति तथा कार्यक्रममा सुरेल समुदायको उत्थानका लागि आवश्यक कार्यक्रम समेट्न सहजीकरण गरि दिनका लागि प्रदेशप्रमुख शर्मालाई उनीहरुले आग्रह गरेका छन् । दीर्घकालीन फाइदा पुग्ने खालका कार्यक्रमको अपेक्षा गरेको उनीहरुले बताएका छन् । विभिन्न प्रकारका तालिम यो समुदायमा आवश्यक भन्दा बढी भएको छ । तर, दुःखको कुरा तालिमका लागि तालिमजस्तो मात्र भइरहेको छ । व्यावसायिकरुपमा अघि बढ्ने खालका शीपमूलक तालिमको खाँचो रहेको र आफूहरुको मुख्य पेशा कृषि भएपनि बाँस तथा कपडाजन्य उत्पादनका शीपमार्फत आत्मनिर्भर बन्न सक्नेमा उनीहरु विश्वस्त छन् । शीपको प्रयोगका लागि एउटा उद्योग नै स्थापना गरिए आर्थिक रुपमा प्रगति हुने उनीहरुको माग छ । यसो गर्न सकिए सुरेल जातिको रोजगारीको अवस्था सिर्जना हुने थियो भने सुरेल ब्रान्डकै रुपमा उत्पादनको पहिचान पनि हुने उनीहरुको माग हो ।

सुरेल समुदायका बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहोउन् भन्न स्कुल तथा उच्चशिक्षाका लागि विशेष सहयोगका कार्यक्रम समुदायमा ल्याउनका लागि प्रदेशप्रमुख शर्मालाई उनीहरुले आग्रह गरे । प्रदेशप्रमुख शर्माले सिङ्गो समुदाय उत्थानमा शिक्षाको अत्यन्त महत्वपूर्ण भूमिका हुने भन्दै यसमा ध्यान दिन सुझाव दिए । यो समुदायको विकासमा आवश्यक कार्यक्रमका लागि सरकारका प्रतिनिधीसँग सहजीकरणको भूमिका आफूले खेल्ने शर्माले बताए । लामो समयदेखिको सुरेल जातिको शीप, कला, कौशल तथा परम्परालाई सँगसँगै लिएर अघि जानका लागि प्रमुख शर्माले सुरेल समुदायलाई आग्रह गरे । विशेषगरी शिक्षा नै समाजउत्थानको महत्वपूर्ण कडी भएकाले यस समुदायका बालबालिकालाई पढाउने कार्यमा ध्यान दिन उनले सुझाए । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा ३१८ जना सुरेल जातिको जनसंख्या रहेको उल्लेखित भएको पाइएपनि २२५ जनाले मासिक चार हजार रुपैयाँका दरले सामाजिक सुरक्षाभत्ता पाइरहेको गाउँपालिकाले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चिल्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २३ गते बुधबार ६ मार्च २०२४ । एकादशी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२५, सूर्यास्त ६:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | तुला | : मन प्रशन्न हुने देखिन्छ |
| वृष | : आफन्तको सहयोग मिल्नेछ | वृश्चिक | : नयाँ काम गर्न जागर आउनेछ |
| मिथुन | : यात्राको लागि राम्रो समय छ | धनु | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| कर्कट | : सोचेजस्तो सहयोग मिल्नेछैन | मकर | : पढाइमा सहयोग मिल्नेछ |
| सिंह | : समय पूजापाठमा बित्नेछ | कुम्भ | : रिसाउने बानीले हानि पुग्नेछ |
| कन्या | : व्यापारबाट फाइदा हुनेछ | मीन | : सामाजिक काममा रुचि बढ्नेछ |

# सुखानीले ल्याएको उलटफेर र एमाले युग



✍ दयालबहादुर शाही



जनदबाबका कारण नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु, माओवादीले हत्याहिंसा र ज्यादतिको राजनीति छोड्नु, रवि लामिछाने, बालेन शाह र हर्क साङपाङ प्रवृत्तिले निष्ठाको राजनीतिको धज्जी उडाउँदै त्याग, लगाव, निष्ठा, बलिदान र विचार बिना पनि २०६४ सालका माओवादीहरू जस्तै राजनीतिको मञ्च कब्जा गर्न सक्नु यी महत्वपूर्ण सूचक हुन ।

यस्तै यी तमाम खाले जब्बर अवसर वादका खाडलहरू जनताको जागरण र शक्तिको आडले पुरताल गर्दै विगत तीन दशकमा समग्रमा एमाले युग स्थापित हुनु यी सबै घटनावलीहरू सुखानीमा बगेको शहीदहरूको रगतले ल्याएको उलटफेरका यो वा त्यो प्रकारका सूचकहरू हुन् । चेतनास्तरमा आउने गिरावटले समाज कहिलेकाहीँ निष्ठाको लोडसेडिङको शिकार हुन्छ ।

जस्तो कि २०७९ सालको चुनावमा सुखानी भनेको कहाँको सुनखानी परेछ भन्न पछि नपर्ने रवि लामिछाने, बालेन शाह, हर्क साङपाङ सामु सुखानीका शहीदहरूका रक्तवीजहरूको पार्टी एमालेको केही क्षण जोर नचल्नु त्यसको दृष्टान्त हो । महानदीलाई खहरेले क्षणिक रुपमा धक्का दिन्छ । ताल फुटेर आएको बाढी महानदीलाई छायामा पार्छ । प्रकृतिमा देखिने यी क्षणिक उपद्रवहरू राजनीतिमा पनि आउँछन् र हराउँछन् । महाभारतका अजेय योद्धा अर्जुन यदुवंशी सम्हार पछि भिल्लसँगको युद्धमा पराजित भएको हालतमा पुग्छन् । जब व्यास ऋषिबाट पाँचै भाइ पाण्डव समय सकिएको र सन्दर्भ सकिएको भेउ पाउँछन् अनि पत्नी द्रौपदीसहित राजनीतिबाट सन्यास लिएर हिमालयतिरको महाप्रस्थानमा जान्छन् ।

३६ वर्षीय नाति परीक्षितलाई नेतृत्व हस्तान्तर भएपछि हस्तिनापुरमा पुस्तान्तरणको पनि जादु चल्यो । बुढापाकाहरू अहंकार र अर्कमण्यताले २०६४ सालमा डुबेको एमाले जहाजको राजनेता ओली युवा पुस्ता अनन्त प्रेरणा र हौसला प्रदान गरेर फेरि सही लयमा ल्याएको उदाहरण हाम्रा सामु छ ।

एउटा गौरवशाली विरासतहरू बोकेको शक्ति युवाहरूको नाममा जब २५ वर्षमाथिका अर्धवृधको भरपर्छ र २५ वर्ष मुनिका सक्कली युवापुस्तालाई आफ्नो गौरवशाली विचार, विरासत, त्याग, धैर्य, निष्ठा र अनुशासनमा अपनत्ववोध र श्रद्धालु बनाउन पछि पर्छ तब लज्जाजनक हारको सामना गर्नुपर्ने हुन्छ ।

२०६४ सालको चुनाव र २०७९ सालको चुनाव एमालेले हार्नै नहुने राष्ट्रिय महत्वका प्रकारान्तरका युद्ध थिए । आज शहीद नभएको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी र युवाहरूको राजनीतिक दायित्वबाट पन्छिनमा आएको जुन सुनामी छ, हाम्रा वीर अग्रज शहीद र उहाँहरूको शहादत, त्याग र निष्ठाप्रति हमला हो, अपमान हो र अनादर पनि हो ।

राजनीति गर्दा बलिदान बिर्सनु र निष्ठालाई कमजोर ठान्नु स्विमिङ पुलमा आनन्द उठाइरहेकाले विद्युत आयोजनाको ड्यामसाइडको महत्व नबुझ्नु जस्तै हो । अवसरवाद फापेको, निष्ठा र त्याग अवान्छित मानिएको र राजनीति व्यापारीको कब्जामा गएको राज्यसत्ताका कारण निष्ठाको राजनीति अस्थायी धक्का खान बाध्य छ । विश्रृंखलित वर्तमान स्विमिङ पुलमा र माइरहेको युगल जोडी हो भने सुखानीका शहीदहरूको शहादत र झापा आन्दोलन विद्युत आयोजनाको ड्यामसाइड हो ।

सक्कली आमालाई मात्र सन्तानप्रति साँचो माया हुन्छ । नेकपा (एमाले) नै हाम्रो लोकतान्त्रिक व्यवस्था, हाम्रो लोकतान्त्रिक आन्दोलन, जनताको नाममा शासन गरिरहेको सरकार र प्रतिष्पर्धारत राजनीतिक दललाई जनताको पक्षमा सदुपयोग गर्न बढी संवेदलशील हुनुमा झापा आन्दोलन देखिको बलिदानीपूर्ण इतिहास, जनपक्षीय छवि र सङ्लो दिलले काम पाएको छ । बलिदानीको इतिहासमा सुखानीका शहीदहरूको शहादतको विशिष्ठ स्थान छ । २०३० साल फाल्गुन २१ गते निरंकुश पञ्चायती व्यवस्थाको खुनी सरकारले झापा र इलामको सीमा क्षेत्रमा रहेको सुखानीको जंगलमा जेल सार्ने निहुँमा रामनाथ दाहाल, नेत्र घिमिरे, नारायण श्रेष्ठ, विरेन राजवंशी र कृष्ण कुइँकेल नेपाल आमाका पाँच जना वीर सपुतहरूलाई गोली हानी हत्या गऱ्यो ।

यो क्रुर र अमानवीय कृत्य पञ्चायती कालरात्रीको अन्त्य र जनताको राजको बहालीलाई सुगम तुल्याउने घटना थियो । एक पाउनाको रुपमा अवसरवादले स्थान पाए पनि आज मूलत: जागेका जनता, जनताको राज, विचारको राजनीति, निष्ठा, त्याग, लगाव, अनुशासन, धैर्य र सौर्यको महत्ताको जुन नौलो युग आएको छ, यो सब झापा सशस्त्र जनविद्रोह र सुखानीका शहीदहरूको शहादतले ल्याएको उलटफेरको परिणाम हो ।

झापा आन्दोलन नेपालको लोकतान्त्रिक आन्दोलनको मियो हो । किनकि झापा आन्दोलन नै त्यस्तो गौरवशाली आन्दोलन हो, जसले शासक र जनआन्दोलनकारी शक्ति दुबै शक्तिको मुटुमा ढ्यांग्रो ठोकिदिएको थियो । झापा आन्दोलनले नै नेपालको लोकतान्त्रिक आन्दोलनलाई जनताको साथ र जनताको काखको कला र करामत सिकायो । नेपाल-केन्द्रित र जनमुखी झापा आन्दोलन नै त्यो चुम्बक थियो, जसले भारत निर्वासनमा रहेर भारतीय शासक वर्गको कुटिलता नबुझी उनीहरूकै मुख ताकिरहेका बीपी कोइराला नेतृत्वको नेपाली कांग्रेस पार्टीलाई मेलमिलाप नीतिको मुखौटो लगाएर नेपाल फर्कन बाध्य पारेको थियो ।

झापा आन्दोलन नै त्यो क्रेन थियो, जसले नैनी तालमा रहेर जलजलासँग रोमान्स गरिरहेका र आरामले त्यही नामको उपन्यास लेख्ने सुरसारमा रहेका गुरु मोहनविक्रम सिंह र चेला प्रचण्ड प्रवृत्तिलाई भाग खोज्न र अवसर वादमा महारथ हासिल गर्नकै लागि भए पनि नेपालको भूमिमा पाइला टेक्न बाध्य हुने गरी तानेको थियो । झापा आन्दोलन यस्तो बेला उठेको थियो कि जति बेला पञ्चायती दमनचक्र सामु टिक्न नसकेर नेपाली कांग्रेसका नेताहरू र अन्य वामघटकका नेताहरू पञ्चायत प्रवेश गर्ने लहर चलेको थियो । ती मध्ये केही नेताहरू संविधान मान्ने छु, कानुन बमोजिम चल्ने छु भन्ने भाका कबोल भएको कागजमा ल्याप्चे हानेर जेलमुक्त हुने प्रतिकूल भन्दा प्रतिकूल, अराब भन्दा खराब समय थियो, त्यो ।

झापा आन्दोलनपछि जनआन्दोलनकारी शक्ति बलियो हुँदै गयो । एक टोल, एक संगठनको साँचोमा ढालेर जनताको शक्ति सुदृढ गर्ने हिम्मत नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा झापाली विद्राहीहरूले मात्र राखे । झापाको ऊवर पावनभूमिले नै नेपालमा जनताको राजनीति पहिलो पटक स्वाभिमानी अर्थतन्त्रको मेरुदण्ड प्रदान गऱ्यो ।

२०३५ नेकपा माले स्थापना गरेर झापाली विद्रोहीले गुटफुटमा फसेको नेपालको कम्युनिष्ट आन्दोलनलाई पुनर्एकीकरणको गति र दिशा प्रदान गरे । नेकपा(माले)को उदयले नेपालको राजनीतिमा हालिमुहाली गरेर जनतामाथि पालैपालो दमनचक्र चलाइरहेका दरबार, दिल्ली र नेपाली कांग्रेसमाथि दबाव सृजना भयो । जनवर्गीय संगठनमा जोड दिएर जनताको शक्ति सुदृढ पारेपछि नेपालमा नेकपा (माले) जनताको आशा र भरोसाको केन्द्र बन्यो ।

नेकपा(माले) २०३६ सालमा राजा जनमत संग्रह घोषणा गर्न बाध्य भए । नेकपा(एमाले)को पूर्वरुप नेकपा(माले)को बलियो संगठन र बलले गर्दा २०४६ सालको जनआन्दोलन सफल भयो । २०१७ सालमा राजा महेन्द्रबाट फ्याँकिएको कांग्रेसले २०४७ सालदेखि २०५१ सालमा सत्तामा रहेर जनताको मन जित्ने खालका कार्यक्रम दिन सकेन ।

२०४७ साल मंसिर २२ गते आधुनिक नेपालको निर्माता शक्ति नेकपा(एमाले)को स्थापना भयो । गौरवशाली इतिहास बोकेको नेपाल कम्युनिष्ट पार्टीका दुई घटक नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकरण भए । त्यही बाण निकै अघि बढ्छ, जो पछि हट्न जान्दछ । युवा वयका कुशल संगठक, अद्वितीय चिन्तक एबं प्रखरवक्ता नेकपा(माले)का महासचिव मदन भण्डारीले त्याग देखाएर दुई कम्युनिष्ट तीन चिराको उल्टो चक्रपात रोकेर यो मातृभूमिको पोल्टामा अटल सौभाग्य थमाइदिनुभयो ।

आफ्नो नाम वा जात झल्कने गरी पार्टी नामका पसल थाप्ने होड चलेको बेला ऊर्जाशील युवाहरूको पार्टी नेकपा(माले)को एक नम्मर वरियताक्रमको स्थान त्यागेर नेकपा (एमाले)को दुई नम्मर वरियताको महासचिवमा रहने तत्परता र उत्कृष्ट पहलले मदन भण्डारीलाई ३८ वर्षको उमेरमै गणेशमान सिंह, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला जस्ता सिंगो जीवन राजनीतिमा समर्पित गरेका वयोवृध राजनेताहरूको हाराहारीमा पुऱ्याइदियो ।

जीवनको उत्तरार्धमा लगभग एक्लिएका मनमोहन अधिकारीलाई एमाले जस्तो ऊर्जा र भविष्य बोकेको पार्टीको अध्यक्ष बनाउने मदन भण्डारीको त्यही सुझबुझका कारण देशले २०५१ सालमा मनमोहन अधिकारी जस्तो लोकप्रिय र जनमुखी प्रधानमन्त्री पायो । राजनीति भनेको ग्राम प्रमुख नगरप्रमुख, सांसद, मन्त्री र राजा महाराजाहरूको सवारी र शान प्रदर्शन गर्ने थलो होइन, जनताको सेवा हो भन्ने सत्यको नयाँ क्षितिज एमालेको नौ महिने सरकारले उघारिदियो ।

राजनीति राज्यको कोष र जनताको काख जोड्ने कला र साधना हो । मन, वचन, कर्म र आचरणले एमाले यही सत्यलाई सिद्ध र स्थापित गर्न दृढ संकल्पित छ । एमाले महाविद्यालयले युवाहरूको हरेक पुस्तालाई यही शिक्षाले दीक्षित गर्दै आएको छ ।

मनमोहन अधिकारी नेतृत्वको नौ महिने सरकारले जनताको राजको असली चाल, चेहरा र चरित्र निर्धारण गरिदियो । यसरी झापा आन्दोलन र सुखानीका शहीदहरूको साहदतको आलोकमा उठेको एमालेले आज जनताको सर्वोच्चता स्थापित गरेको छ र यसको अपरिहार्य औचित्य सिद्ध गरेको छ ।

झापा आन्दोलन नै २०४६ सालको युगान्तकारी जनआन्दोलन र २०६२-६३ को जनआन्दोलन रुपी बागबानीको नर्शरी थियो । भनिन्छ समुन्द्र मन्थनपछि विष, कामधेनु, उचैश्रवा, ऐरावत, कस्तुकमणि, कल्पवृक्ष, रम्भा, लक्ष्मी, वारुषि(मदिरा) चन्द्रमा, पारिजात (पुष्प) पाञ्चजन्य शंख, धन्मन्तरी र अमृत गरी १४ वटा रत्न मिलृका थिए ।

झापा आन्दोलनपछि पनि मातृभूमि नेपाल र जनता जनार्दनको पोल्टामा पनि केही अमूल्य रत्नहरू परेका छन् । नेकपा (एमाले) जस्तो जनाधारित राजनीतिक दल, मार्क्स, लेनिन, मन्टेस्क्यु, बुद्ध, चाणक्य र महातमा गान्धीका मतको विविधता र गुणको दहिमथनी गरेर प्रतिपादन गरिएको जनताको बहुदलीय जनवाद जस्तो विचार जन्मियो ।

त्यति मात्रै होइन जननेता मदन भण्डारी जस्तो राजनेता र चिन्तक, लोकतन्त्र, लोकतान्त्रिक व्यवस्था र सरकारलाई चिसा चुला र जनताको दिलसँग जोड्ने मनमोहन अधिकारी जस्तो जनप्रिय प्रधानमन्त्री, राजनेता केपी ओली जस्तो हस्तक्षेपलाई घुँडा टेकाउने देशभक्त महानायक यी सबै विरासतहरू आधुनिक नेपालका महानतम उपलब्धि र प्राप्ती हुन् ।

यी सबै अनमोल रत्नहरूको जग र तागत सुखानीमा बगेको रगतको शहीदहरूको तागत हो । तर यो जीवित सत्यलाई नेपाली राजनीतिका अस्थायी तर भीआईपी पाहुनाहरू- अवसरवाद र अवसरवादीहरू मान्न र जान्न तयार छैनन् । विनाशकाले विपरीत बुद्धिले क्षणिक रुपमा नोक्सान सुरुमा सबैलाई पुग्छ तर सत्यको अनादर गर्ने खलपात्रहरू जनताबाट दण्डित भएरै छाड्छन् ।

विश्वभरिका लोकतान्त्रिक पार्टीहरू र वामपन्थी पार्टीहरूले नेकपा(एमाले)लाई एक असल भाइचारा पार्टी र शक्तिको रुपमा मान्यता दिएका छनु । यो एमाले विचार, जनाधार र सदाचारको त्रिवेणी हो । आफु भला त जगत भला । जनसमुदाय र विश्वसमुदायको नजर एमाले एक भरपर्दो शक्ति हो । जनताको बहुदलीय जनवादको मार्गदशनले गर्दा एमालेको छवि, गति र लय बृद्धि भएको हो । मार्क्सको वर्गसंघर्ष र द्वन्द्वात्मक भौतिकवाद, लेनिनको संगठनात्मक सिद्धान्त, मन्टेस्क्युको शक्ति पृथकीकरणको सिद्धान्त, बुद्धको पञ्चशील र सत्य, दया, क्षमा, त्याग र अहिंसाको स्थायी राज, चाणक्यको राष्ट्ररक्षा कला, महात्मा गान्धीको शान्तिपूर्ण जनआन्दोलनको शक्तिलाई कतै एकैसाथ स्थान दिइएको र न्याय गरिएको छ भने त्यो जननेता मदन भण्डारीको सर्वोत्कृष्ट देन- जनताको बहुदलीय जनवादमा छ ।

विलक्षण प्रतिभा जननेता मदन भण्डारीले मार्क्सवादको पुनर्व्याख्या गरेर रक्षात्मक अवस्थाको विश्व वामपन्थी आन्दोलनलाई बिर्सिन नसकिने र बिर्सन नहुने गुन लगाउनु भएको छ । चाणक्यले औंल्याएको राष्ट्ररक्षाको लागि चाहिने शास्त्रबलको जीर्णोद्धारको पोषण मातृभूमि नेपालले जनताको बहुदलीय जनवादको प्रतिपादन भएसँगै पायो । खास गरी नेपालको संविधान २०७२ को घोषणासँगै मातृभूमि नेपालको खड्को टरेको छ । जनताको बहुदलीय जनवाद जस्तो विचार भएको एमाले जस्तो शक्ति नभएको भए गृहयुद्धको अन्त्य, शान्ति स्थापना, दोहोरा तानाशाही उत्पादन गर्ने कारखाना- राजतन्त्र र माओवादी अधिनायकवादको अन्त्य र धमिलो पानीमा माछा मार्ने भारतीय अभीष्ट असफल हुने थिएन ।

विचार बासी हुँदैन । बासी हुने कुरा विचारको दर्जामा पुग्दैन । सत्य यस्तो भए पनि स्यालहरू जनताको बहुदलीय जनवाद सामु टिक्न बस्न नसकेर सबै खाले विचारको सान्दर्भिकता सकिएको स्यालहुइयाँ मच्चाउँदै छन् । उनीहरूलाई थाह छ- विचार र नैतिकताको टाटपल्टाइँको मलजलमा झाँगिने गर्छ अवसरवाद । निष्ठा र अवसरवादको हार जीत चक्र जस्तै घुम्छ । भाङ र धतुरो जस्तै हर्लक्कै बढ्छ, चाँडै मर्छ- अवसरवाद । वटवृक्षझैं ढिलो बढ्छ तर सदावहार हुन्छ- निष्ठाको गुण र गति । सुनारको सय चोट शैलीमा हान्छ- अवसर । लोहारको एकै चोटले हिसाब माग्छ- निष्ठा । जनताको जागरण, जनताको शक्ति, युगको साउती नबुझ्ने अवसर वादीहरू कालान्तरमा जनताको तिरस्कारमा पर्छन् । आज जनताका सचेत र असल सन्तानहरू आफ्नो पूजनीय मातापिता भन्दा माथि राखेर बीपी, पुष्पलाल, गणेशमान, मनमोहन, मदनलाई प्रात: स्मरणीय मान्छन् र छातीमा लकेट लगाउँछन् ।

अवसरका पछि कुदेर जनताको शक्तिसँग जोरी खोज्ने मात्रिकाप्रसाद कोइराला र सूर्यबहादुर थापालाई सम्झिदिने कोही छैन । लकेट लगाइदिने त कुरै भएन । हुँदाहुँदा मात्रिकाप्रसाद कोइरालाका छोरा कमल कोइराला कम्युनिष्ट बने भने सूर्यबहादुरका छोरा सुनिल थापा कांग्रेसकोमा ओत लाग्न पुगेका छनु । एकै दिनमा जन्मिएको भए पनि घोडाको बच्चाले कयौं कोसको यात्रा गरिसक्दा पनि बिरालाको बच्चाको आँखा उघ्रेको हुँदैन र डेग चलेको हुँदैन । प्रतिभा र परिपक्वताको गति र अदूर दर्शी एबं चरम महत्वाकांक्षीको गतिहीनताको हकमा पनि यस्तै हुन्छ ।

२०४९ सालतिर जननेता मदन भण्डारीले यो मुलुकको व्यापक बर्बादी र संभावित रक्तपातलाई रोक्न लोकतन्त्रवादीहरूको सहकार्य र सहअस्तित्वको फहराएको झण्डाको रुपमा जनताको बहुदलीय जनवाद प्रतिवादन गर्दै गर्दा आजको कुर्सी छोप्ने होडका पारंगत खेलाडी शक्ति कांग्रेस र माओवादीको हातत पनि त्यति बेला आँखा नउघ्रिएको बिरालो बच्चाको जस्तो थियो । 'गोलीका आँखा हुँदैनन्' यो कथन कांग्रेसका तत्कालीन सर्बोच्च नेता गणेशमान सिंह को हो । यसो भनिरहँदा शेरबहादुर देउवामा विरोधी कम्युनिष्टहरूलाई बन्दुकबाट नै भुट्न सकिन्छ भन्ने विजय उन्माद भरपूर थियो । 'चुनाव लड्ने कम्युनिष्ट होइन, भेडाको खोल ओढेको ब्वाँसो हो ।'


कांग्रेस र माओवादीका कारण अकालमै मट्टी हुन पुगेका ज्ञात अज्ञात शहीदहरूको रगतमासले कुकृत्यका कर्ताहरूलाई क्षमा दिने छैन । जनताको अदालतमा हरेको कृत्यको हिसाबकिताब रहेको हुन्छ । जब पापप्रति प्रायश्चित हुँदैन, अद्यावधि गरिएको हिसाबकिताब कर्तालाई निकै महंगो पर्छ । कुनै बेला एमालेमाथि एक्लाएक्लै भारी पर्ने कांग्रेस र माओवादी शक्ति आज शक्ति क्षय भएर गठबन्धनको वैशाखी टेक्न बाध्य हुनु जनताको कोप कति शक्तिशाली र निर्मम हुन्छ भन्ने सच्याइँको दृष्टान्त हो ।

बलिदान र निष्ठाको तेजोवध गर्नमा कांग्रेस र माओवादी होड छ । सत्यमाथिको यसप्रकारको हमलामा दुबै दलको अवसरवादी राजनीति र एमालेका प्रतिको जलनले काम पाएको छ । निष्ठाको विस्मृतिमा मात्र सबै उस्तै हुन् भनेर भ्रम छर्न सकिन्छ भन्ने ज्ञान प्रकट र छद्म दुबै खाले पीडकहरूलाई थाहा छ । नयाँ दल नामका अवसरवादका प्रतिमाहरूले पनि निष्ठा र विचारको राजनीति आफूहरूको चिहान हो भन्ने थाह छ । कुनै पनि रुपरंगका घेराबन्दीले एमालेको सुखी नेपाली र समृद्ध नेपालको तप भंग र यज्ञ विध्वंश गर्न सक्ने छैन । निष्ठा नबुझ्ने, उधारो नरुचाउने, त्याग कुन चरीको नाम हो थाह नपाउने अराजक र अवसरवादी जमातलाई अपच भए पनि आधुनिक नेपालको सर्वश्रेष्ठ निर्माताको नाम नेकपा(एमाले) हो । नेकपा (एमाले)लाई विचार राजनीतिको सदावहार महारथि बनाउनुको श्रेय जननेता मदन भण्डारी जान्छ ।

शान र शौकत प्रदर्शनको थलो बनेको सत्ता राजनीतिलाई जनताको सेवाको औजार बनाउनुको श्रेय मनमोहन अधिकार र एमालेको नौ महिने सरकारलाई जान्छ । सरकारमा रहेर होस् वा घेराबन्दीमा परेर विपक्षमा धकेलिनु पर्दा नै किन नहोस् एक लौहपुरुषले महाशक्तिको रुचि र प्रपञ्चलाई माथ खुवाउदै राष्ट्ररक्षा गर्न सक्छ भन्ने जिउँदो जाग्दो राजनीतिक नजीर स्थापना गर्नुको श्रेय राजनेता केपी ओलीलाई जान्छ । यस हिसाबले नेकपा(एमाले) नै मातृभूमि नेपालको सर्वश्रेष्ठ सेवक हो र सर्वश्रेष्ठ रक्षक हो । मदन, मनमोहन र ओली शिष्यहरू नै आधुनिक नेपालका सच्चा सारथि हुन् । सबैभन्दा जीवित सत्य के हो भने झापा आन्दोलन र सुखानीका शहीदहरूको सहादतले खडा गरेको धरातल नै आजकाथथे एमाले र आधुनिक नेपाल उभिएको धरातल हो ।

*(साभार: अनलाइनखबर)*

# कांग्रेस-माओवादी सम्बन्ध बिग्रनुको अन्तर्य





काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसलाई सरकारबाट हटाए । अनि नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई समेटेर ४ सदस्यीय मन्त्रिपरिषद् पुनगर्ठन गरे ।

माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले सोमबार बिहान कांग्रेस सभापति शेरबहादुर देउवा र उपसभापति पूर्णबहादुर खड्कालाई नयाँ गठबन्धन गर्ने आफ्नो निर्णयबारे जानकारी गराएका थिए ।

लगत्तै पार्टी पदाधिकारी र पूर्वपदाधिकारी बैठक राखेका देउवाले पार्टीका मन्त्रीहरुलाई राजीनामा पनि गराएनन्, समर्थन फिर्ताको निर्णय पनि लिएनन् ।

तर माओवादीले धोका दिएको कांग्रेसको निष्कर्ष छ । प्रधानमन्त्री प्रचण्डले मन्त्रीहरुको राजीनामा माग्ने, गठबन्धनको बैठक बोलाउने औपचारिकता समेत पूरा नगरेको भन्दै कांग्रेसका एक नेता भन्छन्, 'गठबन्धन बदलेर उहाँले नयाँ कोर्स सुरु गर्नुभएको हो, उहाँलाई पूरा गर्न दिऔं भनेर हतार नगरेका हौं ।' मंगलबार दिउँसो ३ बजे कार्यसम्पादन समितिको बैठक बसेर औपचारिक निर्णय लिने कांग्रेसको तयारी छ ।

२०७७ पुसमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेसँगै प्रचण्डले कांग्रेससँग सहकार्य थालेका थिए । दोस्रो पटक विघटित संसद २८ असार २०७८ मा पुनर्स्थापित भएसँगै सत्ता साझेदारी गरेका थिए । २०७९ वैशाखको स्थानीय र मंसिर २०७९ को प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन पनि मिलेर लडे ।

तर १० पुसमा एकाएक अलग भएका थिए । सरकारको नेतृत्वमा आलोपालो गर्न सहमत देउवा र माओवादी अध्यक्ष प्रचण्डबीच को पहिला प्रधानमन्त्री बन्ने भन्ने विवाद भयो । देउवाले पहिलो पालोमा आफू प्रधानमन्त्री हुनुपर्ने अडान नछाडेपछि प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री भए ।

एमाले माओवादी गठबन्धन धेरै दिन टिकेन । २६ पुसमा पुग्दा कांग्रेसले विश्वासको मत समेत दिएपछि प्रचण्ड एमालेसँग टाढिए । माओवादीले राष्ट्रपतिमा कांग्रेसलाई समर्थन गर्ने निर्णय गरेसँगै एमाले औपचारिक रुपमा अलग भयो ।

त्यसको एक वर्षपछि प्रधानमन्त्री प्रचण्डले कांग्रेससँग गठबन्धन तोडेर फेरि एमालेसँग सहकार्य गर्ने निर्णय गरेका छन् । त्यसबेला प्रचण्डले एमाले अध्यक्ष ओलीमाथि सुपर प्रधानमन्त्री बन्न खोजेको आरोप लगाएका थिए, अहिले कांग्रेस सभापति देउवामाथि पनि झण्डै त्यस्तै आरोप लगाएका छन् ।

नेताहरुका अनुसार प्रधानमन्त्री प्रचण्डका लागि सरकार सञ्चालनमा सुरुका केही महिना देउवा सहयोगी बनेका थिए । गृह मन्त्रालयको निर्देशनमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले नक्कली भुटानी शरणार्थी प्रकरणको फाइल खोलेसँगै कांग्रेस सभापति देउवाले प्रधानमन्त्री माथि दबाब दिन थाले ।

देउवा र उनकी पत्नी आरजु बालुवाटार पुगेर गठबन्धन तोड्नेसम्मको चेतावनी दिएपछि गत भदौमा प्रधानमन्त्री प्रचण्डले गृहमन्त्रीको विमतीका बाबजुद उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) श्यामलाल ज्ञवाली र उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) डा. मनोज केसीको सरुवा गराएका थिए ।

नेताहरुका अनुसार प्रधानमन्त्री प्रचण्ड पछिल्ला केही महिनादेखि कांग्रेससँग निकै असन्तुष्ट थिए । 'अघिल्लो पटक ओलीजीले जसरी बन्धक बनाएका थिए, अहिले कांग्रेसले त्यही गर्‍यो' गठबन्धनका एक एक नेता भन्छन्, 'त्यसबाट पछिल्लो दिनमा प्रधानमन्त्री प्रचण्ड निकै छटपटिएका थिए ।'

स्रोतका अनुसार प्रधानमन्त्री, अर्थमन्त्री डा. प्रकाशशरण महतसँग निकै रुष्ट थिए । प्रचण्डले राष्ट्रसंघीय मिसन (अनमिन) को प्रमाणीकरणमा अयोग्य भनिएका लडाकूहरुलाई २ लाख दिने र थप २ हजार ९३८ जनालाई शहीद घोषणा गर्ने निर्णय मन्त्रिपरिषदबाट गराएका थिए । तर स्रोत नभएको भन्दै अर्थ मन्त्रालयले रोकिदियो ।

पछिल्लो पटक अर्धवार्षिक समीक्षाका नाममा बजेटको लक्ष्य घटाउँदा पनि परामर्श गरेनन् । हेटौंडा कपडा उद्योग चलाउने प्रस्तावमा पनि अर्थमन्त्री महत नै बाधक बने । दोस्रो शेयर बजारका लागि मन्त्रिपरिषदबाट निर्णय नगरे गठबन्धन छाड्ने चेतावनी समेत महतले दिएकाले पनि प्रधानमन्त्री उनीसँग रुष्ट थिए ।

अर्थतन्त्रको अवस्थाबारे गलत ब्रिफिङ गरेको, रकमान्तर नगरिदिएको अरु मन्त्रालयको गुनासो, आयोजनाहरुको भुक्तानी नगरि दिएको, बहुवर्षीय ठेक्काको मापदण्ड संशोधन गरेकामा पनि प्रचण्डको असन्तुष्ट थिए ।

पछिल्लो समय त अर्थमन्त्री डा. महतले अनुदान लिने नलिने विषयमा समेत अप्ठ्यारो पारेको माओवादीको दाबी छ । कांग्रेसले चीनको बेल्ट एण्ड रोड इनिसिएटिभ्स्को विरोध त गरेको थिएन, तर प्रधानमन्त्री प्रचण्डलाई चीन भ्रमणका क्रममा यसबारे आफूसँग परामर्श नगरी केही नगर्न भनेको थियो । पछिल्लो समय अर्थमन्त्री महतले चिनियाँ अनुदान लिन नमानेको प्रचण्डको गुनासो थियो ।

लगातारको असहयोग पछि प्रधानमन्त्री प्रचण्डले अर्थमन्त्री डा. महतलाई हटाउन पटक पटक देउवाको साथ खोजेका थिए । बजेट निर्माण प्रक्रिया सुरु भइसकेकाले अर्थमन्त्री डा. महतबारे चाडो निर्णय होस् भन्ने उनको चाहना थियो । त्यो थाहा पाएपछि कांग्रेसकै केही सांसदले अर्थमन्त्रीका लागि लबिङ पनि गरेका थिए ।

तर कांग्रेस सभापति देउवाले आफ्नो विश्वासपात्रका रुपमा रहेका अर्थमन्त्री डा. महतलाई हटाउन मानेनन् । पछिल्लो एउटा छलफलमा त देउवाले प्रचण्डलाई 'अर्थमन्त्रीबाट के-के काम गराउनु पर्‍यो, मलाई भन्नुस् न' भनेका थिए ।

प्रधानमन्त्री प्रचण्ड स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतसँग रुष्ट थिए । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका उपलकुलपतिलाई हटाउने लगायतका निर्देशन अवज्ञा गरेको उनको गुनासो थियो ।

टेरामक्स प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयान लिएपछि मन्त्री बस्नेतलाई बर्खास्त गर्ने तयारी गरे । तर स्वास्थ्यमन्त्री बस्नेत मात्र होइन, बालकुमारी घटनामा आफैंले बनाएको उच्चस्तरीय जाँचबुझ आयोगले दोषी देखाएका भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालालाई हटाउन पनि प्रचण्डले पाएनन् ।

कांग्रेसको असहयोगपछि प्रचण्डले आन्तरिक छलफलहरुमा नेताहरुसँग 'गठबन्धनलाई कम्तीमा अलि अगाडिसम्म लैजान खोजेको, नजाला जस्तो छ' भन्ने गरेका थिए । यद्यपि कम्तीमा पनि आगामी असार सम्म कांग्रेस-माओवादी गठबन्धन कायम राख्ने पक्षमा आफू रहेको उनले सुनाउने गरेका थिए । त्यसका लागि कांग्रेसले मन्त्रिपरिषद् पुनर्गठन गर्न सहमति देओस् भन्ने चाहे ।

त्यसका लागि दबाब दिन पार्टी स्थायी कमिटीबाट राष्ट्रियसभा अध्यक्ष लिने निर्णय पनि गराए । जबकी कांग्रेसबाट राष्ट्रियसभा सदस्य निर्वाचित भएका कृष्ण सिटौलालाई वचन दिइसकेका थिए । देउवा राष्ट्रिय सभा अध्यक्ष छाड्न तयार भए, तर मन्त्रिपरिषद् पुनगर्ठन गर्ने प्रचण्ड चाहना बुझ्न चाहेनन् वा सकेनन् ।

सरकारमा कांग्रेसको नेतृत्व गर्दै उपप्रधानमन्त्री तथा रक्षामन्त्री रहेका उपसभापति पूर्णबहादुर खड्काले पदाधिकारीहरु बैठकमा पछिल्लो समय प्रधानमन्त्रीले मन्त्री हेरफेरको विषय गम्भीर रुपमै नउठाएको दाबी गरेका छन् ।

सरकार गठनको एक वर्ष पुगेको बेला प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठन गर्न चाहेको, तर आफूहरुले कांग्रेसका मन्त्रीहरु २ वर्षका लागि हुन् भनेपछि प्रधानमन्त्रीले यो विषय कहिल्यै गम्भीर रुपमा नउठाएको उनले बताएका हुन् ।

'प्रचण्ड र देउवाबीच पुलको काम गर्नुपर्ने उहाँ (खड्का) ले हो' कांग्रेसका एक नेता भन्छन्, 'तर मन्त्रिपरिषद् पुनगर्ठनको सन्दर्भमा त्यो भूमिका खेल्नुभएको देखिएन । उहाँहरु सबैको बुझाइ मन्त्रिपरिषद् पुनर्गठन होइन भन्ने देखियो ।'

माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेल भने नयाँ गठबन्धन गर्ने निर्णयमा पुग्नुमा मन्त्री पनि जोडिने बताउँछन् । गठबन्धनमा मिलेर काम गर्नुपर्ने भएपनि त्यसअनुसार वातावरण नबनेको भन्दै उनले भने, 'अर्थमन्त्रीले कहिल्यै समन्वय गर्नुभएन, असहयोग मात्र गर्नुभयो । पफर्मेन्स नदिने, मन्त्रिपरिषद्को निर्णय अवज्ञा गर्ने मन्त्रीहरु हटाउन पनि साथ पाइएन ।'

### कोशीको फ्लोरक्रस र महासमितिको छलफल

कांग्रेस माओवादी गठबन्धन टुट्नुमा कोशी प्रकरण र कांग्रेसको महासमिति बैठकमा पनि जोडिएको छ । कोशी प्रदेशमा माओवादीले दुई पटक कांग्रेस नेतृत्वमा सरकार बनाउन सघाएको थियो । दुबै पटक अदालतले कांग्रेसका मुख्यमन्त्री उद्धव थापालाई हटाएपछि सत्ता गठबन्धनले २४ असोजमा माओवादीका इन्द्र आङ्बोको नेतृत्वमा सरकार बनाउने निर्णय गर्‍यो । आङ्बो मुख्यमन्त्री बन्नै पाएनन् । एमालेको समर्थनमा डा. शेखर कोइराला समूहका ८ सांसदले विद्रोह गर्दै केदार कार्की मुख्यमन्त्री भए । केन्द्रमा गठबन्धन जोगाउन डा. शेखर कोइरालाले लिखित सहमति गरेपछि माओवादीले चित्त बुझायो, कार्कीलाई समर्थन गर्‍यो ।

११ माघमा भएको राष्ट्रियसभा निर्वाचनमा फेरि कांग्रेसले धोका दिएको माओवादी नेताहरु बताउँछन् । सत्ता गठबन्धनबाट कांग्रेसका कृष्ण सिटौला र माओवादीकी चम्पा कार्की राष्ट्रियसभा सदस्यको उम्मेदवार थिए ।

जोखिममा रहेका भनिएका सिटौला निर्वाचित हुँदा माओवादीकी कार्की भने पराजित भइन् । यसले कांग्रेसका समर्थक मात्र होइन, नेताले पनि भोट दिँदैन भने किन गठबन्धन गरिररहने भन्ने प्रश्न बलियो बनेको माओवादी नेताहरु बताउँछन् ।

त्यही बेला ७-१० फागुनसम्म बनेको महासमिति बैठकमा कांग्रेस महामन्त्री गगन कुमार थापाले भविष्यमा चुनावी गठबन्धन नगर्ने प्रस्ताव ल्याए भने उपसभापति पूर्णबहादुर खड्काको प्रतिवेदनले पनि जनयुद्धको मानमर्दन गरेको माओवादी नेताहरु बताउँछन् । सबै घटनाक्रम जोड्दै जाँदा सबै नकारात्मक मात्र देखिन थालेपछि गठबन्धन फेर्न बल मिलेको उनीहरु बताउँछन् ।

कांग्रेसले भने महासमिति बैठकमा भएको छलफल माओवादीको बहावा मात्र भएको बताएको छ । १० पुस २०७९ मा भत्किएको चुनावी गठबन्धन पनि कांग्रेसले पहल गरेको ब्यूँताएको र ५ वर्षसम्म यसप्रति प्रतिवद्ध रहन्छौं भनेर लिखित रुपमै भनेकाले महासमितिमा भएको छलफललाई देखाउनु बहना भएको नेताहरुले बताए ।

'गठबन्धन टुट्नुमा कारक तत्व कांग्रेस होइन, बहाना धेरै देखाउने कोशिश भएको छ', बूढानीलकण्ठ बैठकमा सहभागी कांग्रेस नेता अर्जुननरसिंह केसी भन्छन्, 'कांग्रेसलाई धोका दिने काम भयो ।' सोमबार बिहान बसेको बैठकमा प्रधानमन्त्री प्रचण्डले पृष्ठभूमिमा देखाएका घटनाक्रम बहाना मात्रै भएको सभापति देउवा र उपसभापति खड्काले पनि बताएका छन् ।

'हिजो मन्त्री फेर्ने कुरा हामीले जानकारी गराइसकेका थियौं । राष्ट्रिय सभाको अध्यक्ष माओवादीको बनाउन कांग्रेस तयार थियो', पार्टी बैठकमा खड्काले भने, 'महासमिति बैठकका प्रतिवेदनमा प्रधानमन्त्रीलाई पटक पटक भेटेर स्पष्टीकरण दिएकै थियौं ।' तर प्रचण्डले धोका दिएको देउवाको गुनासो छ । गठबन्धन अहिले नभत्किएको भएपनि अलि समयपछि नटिक्ने रहेछ भन्ने प्रष्ट भएको भन्दै उनले भनेका थिए, 'प्रचण्डले अहिले नदिएपछि ६/८ महिनामा धोका दिई हाल्ने रहेछन् । धोकेबाज रहेछन् ।'

*(स्रोत: अनलाइनखबर)*

# 'रङ्गेली'मा फिल्मी शैलीको पुलिस छु : प्रवीण खतिवडा



काठमाडौं/यही फागुन २५ गते (महाशिवरात्री)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'रङ्गेली'को ट्रेलर सार्वजनिक भएपछि अभिनेता प्रवीण खतिवडाको एक डाइलग चर्चामा छ । 'चौंथो काल, मानबहादुर ढकाल' भन्ने उनको डाइलग ट्रेलरमा सशक्त लाग्छ । यो डाइलगले उनको चरित्र सन्की स्वभावको रहेको बुझाउँछ । 'इन्स्पेक्टर'को भूमिकामा अभिनय गरेका उनी आफ्नो चरित्र फिल्मी शैलीको रहेको दाबी गर्छन् । अनुशासनमा नबस्ने किसिमको भूमिका आफूले निभाएको उनको भनाई छ ।

'म 'रङ्गेली'को माहोलमा रङ्गिन हुन चाहने पुलिस अफिसरको चरित्रमा छु । त्यो चरित्रमा घुस खानेदेखि लिएर फिल्मी शैलीको पुलिस चरित्र दर्शकले पाउँछन् । फिल्मी हिसाबले नै प्रस्तुत भएको छु । जुन कुरा ट्रेलरमा पनि देखाइएको छ,' प्रविण भन्छन् । 'रङ्गेली'मा तडकभडक भइरहेको बेलामा त्यसलाई नियन्त्रण गर्न पोस्टिङ भएर गएको पुलिसका रूपमा आफूलाई देख्न सकिने उनले बताए ।

उनी प्रहरीको भूमिका निर्वाह गर्दा रमाइलो लागेको स्मरण गर्छन् । तर, फिल्ममा आफ्नो चरित्रजस्तो प्रहरी हुनुहुँदैन भन्ने पक्षमा उनी छन् । 'कानुनको रक्षा इमानदार भएरै गरिनुपर्छ र यदि कोही रक्षक पनि भक्षक बन्दैछन् भने उसलाई पनि कानुनी दायराभित्र ल्याउनुपर्छ,' उनी भन्छन् । प्रहरीलाई राजनीतिभन्दा अलग राख्न सकेको अवस्थामा मात्र कानुनको रक्षा हुने उनको बुझाई छ ।

उनलाई लाग्छ, दर्शकले फिल्म हेरिरहँदा आफ्नो चरित्रले केही काम राम्रो गरेछ भन्ने महसुस हुनेछ । 'एक/दुईवटा काम यसले गलत गरेको छ भन्ने पनि लाग्छ होला । प्रशासनसँग शक्ति हुँदो रहेछ । त्यो शक्तिले कहीँ न कहीँ अलिकति दमनको स्थिति ल्याउँदो रहेछ । चाहे त्यो पात्रलाई होस् या आफ्नै समाजमा ज्यूँदा पात्रहरूलाई होस् । शक्तिले अलिकति 'डोमिनेट' गर्दो रहेछ । त्यो खालको प्रवृत्ति चाहिँ हुनुहुँदैन,' उनी अगाडि भन्छन्, 'प्रहरी प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखेमा मात्र समाजमा शान्ति सुरक्षा हुन्छ भन्ने मलाई लाग्छ ।'

'रङ्गेली'लाई अर्जुन सुवेदीले लेखन तथा निर्देशन गरेका छन् । यसमा प्रवीणका साथै दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, र मेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको अभिनय छ । फिल्मका कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्माताहरू संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् भने युवक कार्की र शिव शंकर चौलागाईं सह-निर्माता हुन् ।

*(स्रोत: फिल्मीखबर)*

# रविन्द्रलाई प्रश्न- 'महाजात्रा'ले 'कबड्डी ४'को रेकर्ड तोड्छ ?



काठमाडौं/नेपालमा सिक्वेल र सिरिज फिल्म सर्वाधिक सफल छन् । 'कबड्डी'को चौंथो श्रृंखलाले बक्स अफिसमा २२ करोडको रेकर्ड बनाएको छ भने 'छक्का पञ्जा'का चार श्रृंखलाले पनि उच्च कमाई गरेका छन् । तर, लगातार सफल फिल्म दिइरहेको 'जात्रा' समूहलाई भने १० करोडको आँकडा छुन पनि हम्मेहम्मे छ । यो समुहको पछिल्लो फिल्म 'महापुरुष' पनि ८ करोड हाराहारीमा टुंगिएको थियो ।

अब 'जात्रा' समूहको नयाँ फिल्म 'महाजात्रा' आगामी चैत ९ गतेदेखि प्रदर्शनमा आउँदैछ । आइतबार काठमाडौंमा फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा निर्माता रविन्द्र सिंह बानियाँलाई पत्रकारले यसपटक 'जारी'को १७ करोड वा 'कबड्डी ४'को २२ करोडको रेकर्ड तोड्न सकिन्छ भनेर प्रश्न गरेका थिए । जवाफमा उनले आफूहरुको सबैभन्दा ठूलो प्रतिस्पर्धा आफैंसँग रहेको जिकिर गरे ।

'सबैभन्दा ठूलो प्रतिस्पर्धा हामी आफैंसँग छ । हाम्रो अघिल्लो फिल्म 'महापुरुष' जहाँ पुगेको थियो, त्योभन्दा माथि पुर्‍याउँ भन्ने चाहिँ छ,' उनी भन्छन्, 'अस्ति सार्वजनिक भएको गीतमा ४७ लाख खर्च भयो । भ्यूज त्यस्तो छ । त्यसैले हामीले राम्रो गर्ने मात्र हो । बाँकी हाम्रो हातमा छैन । 'महाजात्रा'मा पनि हामीले भ्याएसम्म राम्रै गरेका छौं । कम्तिमा हामीले हाम्रै रेकर्ड चाहिँ तोड्नुपर्छ भन्नेमा छौं ।'

'महाजात्रा' निर्देशक प्रदीप भट्टराईलाई भने आफ्ना सबै फिल्म 'महाहिट' छन् भन्ने लाग्छ । कार्यक्रममा उनले ठट्यौली शैलीमा भने, 'मलाई मेरो सबै फिल्म 'महाहिट' नै भन्ने लाग्छ । मैले यही सम्झिने भएकाले पनि 'महाहिट' नभइरहेको हो कि ! अब सम्झिन्नँ नि त !' 'जात्रा' समूहलाई आफ्नै रेकर्ड तोड्नका लागि 'महाजात्रा'ले घरेलू बक्स अफिसमा १० करोडमाथिको अंक जोड्नुपर्ने चुनौती छ ।

# फिल्मको करोड व्यापार देखाउने होडबाजी, तर भित्री कथा अर्कै




काठमाडौं/चलचित्र विकास बोर्डमा आएपछि अभिनेता भुवन केसीले नेपाली र विदेशी फिल्मको बक्स अफिस तथ्यांक सार्वजनिक गर्न थालेका थिए । केही चरण बोर्डकै लेटरप्याडमार्फत् फिल्मको त्रैमासिक र वार्षिक व्यापार सार्वजनिक गरियो । मिडियालाई पनि नियमित रुपमा बोर्डबाट बक्स अफिस रिपोर्ट उपलब्ध हुँदै आएको थियो । जसले गर्दा फिल्म क्षेत्रमा भ्रमको खेती लगभग रोकिएको थियो ।

बोर्डले बक्स अफिस रिपोर्ट सार्वजनिक नगर्दा निर्माता र वितरकले मनलाग्दी रुपमा फिल्मको व्यापार देखाउँदै आएका थिए । १० लाख पनि नकमाएको फिल्मले ५० लाख कमाएको भन्दै हौवा फैलाउने प्रतिस्पर्धा चलेको थियो । धेरै व्यापार देखाउँदा फिल्म राम्रो चलेको छ भन्ने भ्रम सिर्जना हुने भएकाले हलमा दर्शक बढ्ने र विदेशमा फिल्म बेच्न सजिलो हुने विश्वास नेपाली निर्माताहरुमा छ ।

बोर्डले फिल्मको कमाई सार्वजनिक गर्न थालेपछि धेरै व्यापार देखाउने होडबाजी रोकिएको थियो । तर, त्यसको छटपटीमा नेपाली निर्माताहरुको रुवाबासी सुरु भयो । अध्यक्ष केसीले नियोजित रुपमा फिल्मको कमाई सार्वजनिक गरेको भन्दै धेरैले आरोप लगाए । विदेशी फिल्म किन्ने वितरकहरुले पनि बोर्डलाई व्यापार सार्वजनिक नगर्न दबाब दिएका थिए । अन्तत: बोर्डले पनि घुँडा टेक्यो ।

बोर्डले करिब ७ महिनादेखि बक्स अफिस तथ्यांक नै सार्वजनिक गरेको छैन । जसले गर्दा फेरि भ्रमको खेती सुरु भएको छ । केही महिनायता एकपछि अर्को नेपाली फिल्मले करोडको व्यापार देखाइरहेका छन् । माघ २६ गते प्रदर्शन भएको फिल्म 'दयारानी'का निर्माताले तीन दिनमा १ करोड २५ लाख कमाएको दाबी गरेका थिए । त्यसपछि २ करोड ५० लाख कमाएको अर्को दाबी गरियो ।

'दयारानी'पछि करोडको व्यापार देखाउन फागुन ११ गतेबाट प्रदर्शनमा आएको फिल्म 'गोर्खा वारियर'ले पनि छाडेन । चार दिनमा फिल्मले १ करोड ५१ लाख कमाएको दाबी निर्माण टिमले गरेको थियो । तर, त्यसपछि फिल्मको व्यापार सार्वजनिक गरिएको छैन । यही शुक्रबारदेखि प्रदर्शनमा आएको अर्को फिल्म 'अगस्त्य'ले पनि २ दिनको व्यापार १ करोड २० लाख रहेको दाबी गरेको छ ।

एकपछि अर्को फिल्मका निर्माताले करोडको दाबी गरे पनि त्यो पुष्टि हुने आधार देखिन्न । किनकि, कात्तिक महिनायता कुनै नेपाली फिल्ममा दर्शकको उत्साहजनक चाप देखिएको छैन । एकाध हल हाउसफुल भए पनि प्राय:मा दर्शकको खडेरी नै देखिन्छ । तर, बोर्डले बक्स अफिस रिपोर्ट सार्वजनिक नगर्दा निर्माताहरुलाई करोड दाबी गर्न सहज भएको छ । यसको पछाडि ठूलो रहस्य छ । अचेल विदेश र इट्सबाट नेपाली निर्माताले राम्रो पैसा हात पार्ने गरेका छन् । कति फिल्म नेपाल रिलिज अगावै त कति रिलिजपछि विदेशमा विक्री हुने गर्छन् । दुवैको हकमा नेपालमा फिल्म राम्रो चलेको सन्देश जान आवश्यक हुन्छ । त्यो हुँदा विदेशमा फिल्मको माग चर्किन्छ । यसैले पनि हलमा दर्शकको खडेरी भए पनि करोड कमाएको देखाउन नेपाली निर्माताहरुमा होडबाजी चलेको छ ।

अहिले सार्वजनिक भैरहेका नेपाली फिल्मको व्यापार बक्स अफिस तथ्यांकसँग नमिल्ने चलचित्र विकास बोर्डको स्रोतको दाबी छ । स्रोत भन्छ, 'विभिन्न कारणले बोर्डले बक्स अफिस रिपोर्ट सार्वजनिक गर्न नसकेको हो । तर, अहिले सार्वजनिक भैरहेका नेपाली फिल्मको रिपोर्ट र बक्स अफिस रिपोर्टबीच ठूलो अन्तर देखिन्छ ।' केही निर्माताले एक करोडसम्म बढी देखाएको स्रोत बताउँछ ।

*(स्रोत: फिल्मीखबर)*

# 'उपहार'को चरित्रमा मैले जोखिम मोलेको हुँ : पूजा शर्मा

काठमाडौं/अभिनेत्री पूजा शर्माले 'प्रेमगीत'पछि रोमान्टिक भूमिकामा मात्र आफूलाई सीमित राखेकी थिइन् । तर, अब उनी चरित्रमा विविधता दिन खोजिरहेकी छिन् । फिल्म 'दान्भी'मा एक्सन भूमिकामा देखिन लागेकी उनी यही शुक्रबार बाट प्रदर्शनमा आउन लागेको फिल्म 'उपहार'मा नकारात्मक लाग्ने चरित्रमा छिन् । पैसाका लागि 'सुगर ड्याडी' (धनी पुरुष) बनाउने चरित्रमा उनले काम गरेकी छिन् ।

पूजाको भूमिका पहिला अभिनेत्री बेनिशा हमाललाई 'अप्रोच' गरिएको थियो । तर, उनले यसमा आफू नसुहाउने बताएपछि पूजाले काम गरेकी हुन् । 'प्राय:ले फिल्ममा आफूलाई नकारात्मक भूमिकामा देखाउन चाहँदैनन् । तर, एउटा कलाकार भएपछि जुनसुकै चरित्र निभाउन सक्नुपर्छ भन्ने लाग्छ । यो मेरो लागि नयाँ चिज हो । मैले 'उपहार'को चरित्रमा जोखिम नै मोलेको हुँ', पूजा भन्छिन् ।

आफ्नो अपोजिटमा शिशिर राणा भएकाले काम गर्न धेरै सजिलो भएको उनको अनुभव छ । किनकि, राणासँग उनले यसअघि पनि काम गरिसकेकी छिन् । तर, पूजा आफैंलाई नकारात्मक चरित्र मनपर्दैन । 'उपहार'मा नकारात्मक चरित्र निभाउँदाको अनुभवबारे उनी भन्छिन्, 'यो चरित्र निभाइरहँदा कस्तो नराम्रो देखिने रैछु भन्ने महसुस भयो । तर कलाकारले जस्तो पनि चरित्र निभाउनुपर्छ ।'

उनले फिल्ममा आफूले निभाएको जस्तो चरित्र समाजमा धेरै देखेकी छन् । उनले त्यस्तो काम नगर्न सल्लाह पनि दिने गरेकी छन् । फिल्ममा उनको चरित्रको नाम पनि 'पूजा' नै हो । गाउँबाट सहर झरेकी युवतीको भूमिकामा आफूले काम गरेको उनी बताउँछिन् । 'मेरो चरित्रले गलत बाटो पनि अपनाउँछ । अहिलेका टिनएजमा भैरहेको घटनालाई मेरो चरित्रबाट देखाएका छौं,' उनले भनिन् ।

पूजाको बुझाईमा अहिले युवापुस्ताको ध्यान नै कसरी पैसा कमाउने भन्नेमा केन्द्रित छ । 'उपहार'मा आफ्नो चरित्रबारे थप स्पष्ट पार्दै उनी अगाडि भन्छिन्, 'फिल्ममा पूजालाई पनि जस्तोसुकै काम गरेर भए पनि पैसा कमाउनुपर्छ भन्ने छ । तर उसमा आफूले गलत काम गरि रहेको छु र त्यो गर्नुहुन्न भन्ने सोच पनि हुन्छ ।' फिल्ममा उनको जोडी नव-अभिनेता समर्पणजंग कार्कीसँग बाँधिएको छ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# २१ जना महिलाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ अखिल नेपाल महिला संघ (अनेमसंघ) मकवानपुरको आयोजनामा भएको रक्तदान कार्यक्रममा २१ जना महिलाले रक्तदान गरेका छन् । १ सय १४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सोमबार अनेमसंघ मकवानपुरले रक्तदान गरेको हो ।



अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस अनेमसंघले सप्ताहव्यापी कार्यक्रम आयोजना गरी मनाउँदैछ । साताव्यापी कार्यक्रमअन्तर्गत सोमबार रक्तदान गरिएको अनेमसंघ मकवानपुरकी अध्यक्ष सुमित्रा काफ्लेले बताइन् । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा अनेमसंघले मंगलबार दिउँसो स्लो स्कुटी रेस कार्यक्रम गर्ने काफ्लेले जानकारी दिइन् ।

यसैगरी क्याम्पसस्तरीय वक्तृत्वकला, महिला अधिकारको विषयमा अन्तरक्रियालगायतका कार्यक्रम आयोजना गर्ने उनले बताइन् । “समान सहभागिता र सशक्तीकरणका लागि महिलामा लगानी” भन्ने मूलनाराकासाथ यस वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाईंदैछ ।

अनेमसंघ मकवानपुरकी अध्यक्ष काफ्लेको अध्यक्षता तथा अनेमसंघ स्थायी कमिटी सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज पद्मा पौडेलको प्रमुख आतिथ्यमा भएको उद्घाटन कार्यक्रममा केन्द्रीय कमिटी सदस्य जुनेली श्रेष्ठ, नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ, केन्द्रीय कमिटी सदस्य पार्वती राना, जिल्ला कमिटी सदस्य आरती पाठक लगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडाका तीन विद्यालय आज बालमैत्री घोषणा हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा उपमहानगरका दुई सामुदायिक विद्यालय र एक संस्थागत विद्यालय आज मंगलबार एकैदिन बालमैत्री घोषणा हुँदैछन् ।

हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री घोषणाको तयारीअनुरुप विद्यालयहरु पनि बालमैत्री घोषणाको तयारीमा जुटेका हुन् । सामुदायिकतर्फ हेटौंडा-८ कमानेमा रहेको चन्द्रोदय माध्यमिक विद्यालयले बालमैत्री विद्यालय घोषणाका लागि सूचक पुरा गरि सकेको छ ।

बालमैत्री विद्यालयका ५१ वटा सूचक पुरा गर्दै बालमैत्री घोषणाको तयारी पूरा भएको विद्यालयले जनाएको छ । आज बिहान ११ बजे बालमैत्री विद्यालय घोषणा कार्यक्रम राखिएको छ ।

यसैगरी, हेटौंडा-१६ हटिया चिसापानीमा रहेको जनप्रिय माध्यमिक (प्राविधिक) विद्यालय पनि बालमैत्री घोषणा हुँदैछ । बालमैत्री बिद्यालयका ५१ वटा सूचक पुरा गरिसकेको भन्दै घोषणाको तयारी पूरा भएको विद्यालयले जानकारी दिएको छ ।

आज बिहान ९ बजे विद्यालयलाई बालमैत्री घोषणा गरिने विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले जानकारी दिए ।

संस्थागततर्फ २ नम्बर वडाको बालजागृति इङलिश बोर्डिङ स्कुल पनि बालमैत्री घोषणा हुँदैछ । बालजागृतिले घोषणाको तयारी पूरा गरेको बोर्डिङका प्रिन्सिपल विनोद सुवेदीले जानकारी दिए ।

बिहान ९ बजे विद्यालयले र्‍यालीको आयोजना गरी नगरपरिक्रमा गर्ने र दिउँसो ११ बजे विद्यालयमा घोषणासभा आयोजना गर्ने तयारी पूरा भएको प्रिन्सिपल सुबेदीले जानकारी दिएका छन् ।

# वडास्तरीय खेलकुद विकास समितिको सपथ

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौडा उपमहानगरपालिका वडा नम्बर १८ मा गठित वडास्तरीय खेलकुद विकास समितिका पदाधिकारी तथा सदस्यहरुले पद तथा गोपनीयताको सपथ लिएका छन् ।




वडास्तरमा गठित खेलकुद विकास समितिलाई वडाअध्यक्ष अनिल बानियाँले पद तथा गोपनीयताको सपथ गराएका हुन् । गत फागुन ८ गते गठित समितिले सोमबार सपथ लिएको हो । समिति संयोजक जीतबहादुर अधिकारी, उप संयोजक कुसम थामी, सदस्यहरुमा राजेशकुमार जिएम, अशोक श्रेष्ठ, निमेश सुवेदी, लोकेन्द्र सुर्खेती, कर्णबहादुर न्यौपाने, निर्जल कार्की, जीवनराम बानियाँ, राजेश पाण्डे, सीता श्रेष्ठ र सदस्य सचिवमा वडासचिव दीपेन्द्र ढकालले सपथ लिएको वडासदस्य योगराज खतिवडाले बताए ।

वडाअध्यक्ष अनिल बानियाँले वडास्तरमा खेलकुदको विकासको लागि यो समितिले सिर्जनशील भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गरे । वडामा महिला तथा पुरुष खेलाडीलाई प्रेरित गरेर काम गर्न, लुकेका प्रतिभालाई प्रस्फुटन गराउन समितिले ध्यान दिनुपर्ने बानियाँले बताए । समितिमा सबै प्रकारको विधाको खेलाडीको सहभागिता भएको स्मरण गराउँदै अध्यक्ष बानियाँले सबै विधाको खेललाई समान अवसर प्रदान गर्न, विधिविधान र कार्यविधि बनाएर त्यसअनुसार काम गर्न निर्देशन दिए ।

सुदर्शन खतिवडाको संयोजकत्वमा सल्लाहकार समिति गठन गरिएको छ । सल्लाहकार समितिको सदस्यमा मनकुमार न्यौपाने, जीतबहादुर राना, विक्रमराज पाण्डे र कविन्द्र भण्डारी छन् । सपथग्रहण कार्यक्रममा वडासदस्यहरु पूजा मंग्रातीलगायतको उपस्थिति थियो ।

# अमर माविमा छात्रवृत्ति अक्षयकोष स्थापना गरिने



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा उपमहानगरपालिका-१ मा रहेको अमर माध्यमिक विद्यालयमा छात्रवृत्ति अक्षयकोष स्थापना गरिने भएको छ । विद्यालयमा अध्ययनरत विपन्न तथा जेहेन्दार बालबालिकालाई छात्रवृत्ति वितरण गर्ने उदेश्यले छात्रवृत्ति अक्षयकोष स्थापना गर्न लागेको हो ।

आइतवार विद्यालयकी प्रधानाध्यपक मालती उप्रेतीले अक्षयकोष स्थापना गर्नको लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाकान्त गौतमलाई नगद ११ हजार १११ रुपैयाँको चेक हस्तान्तरण गरेकी छन् । विद्यालयकी प्रधानाध्यापक उप्रेतील आफ्नो छोरा आदर्श बिक्रम बर्तौलाको जन्मोत्सवको अवसरमा रमक हस्तान्तरण गरेकी हुन् ।

छात्रवृत्ति अक्षयकोषले बालबालिकाको जीवनमा ठुलो भूमिका निर्वाह हुने भएकाले विद्यालयले स्थापना गर्न लागेको कोषमा सहयोग गरिदिन आग्रह गरेकी छिन् । कक्षा नर्सरीदेखि १० कक्षासम्म अध्यापन हुने अमर माविमा ६ सय ४८ जना विद्यार्थी अध्ययनरत छन् ।

# ५ वटा वडामा रोजगार सम्बन्धी अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ मकवानपुरको उत्तरीक्षत्रस्थित इन्द्रसरोवर गाउँपालिकाको सबै वडामा रोजगारीको हक, आवेदन दर्ता प्रक्रिया र वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तथा अन्तर क्रिया भएको छ ।

पालिकाको रोजगार सेवाकेन्द्रको आयोजानामा कार्यक्रम भएको हो । रोजगार सेवाकेन्द्रले वडा नम्बर १ देखि ५ सम्म कार्यक्रम गरेको रोजगार संयोजक नानीमायाँ घलानले जानकारी दिइन् । कार्यक्रममा गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमाकुमारी लामा, पाँचवटै वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडासदस्यहरु, वडासचिवहरु, कर्मचारीहरु तथा टोल विकास समितिका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा स्थानीय लक्षित वर्गका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका महिला पुरुषको सहभागिता रहेको थियो । कार्यक्रममा रोजगार सेवाकेन्द्र संयोजक नानीमाया घलानले प्रस्तुतीकरण गरेकी थिइन् । १३ फागुनबाट सुरु भएको वडास्तरीय कार्यक्रम एकदिन एउटा वडाका दरले १७ फागुनसम्म सञ्चालन भएको थियो ।

# हेटौंडामा आजबाट नवौं राष्ट्रिय भेट्रान्स फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडामा आज मंगलबारबाट ४५ वर्ष उमेर माथिका खेलाडीको नवौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप ‘एट ए साईड’ रनिङशिल्ड फुटबल प्रतियोगिता सुरु हुँदैछ ।

हेटौंडा भेट्रान्स क्लबको आयोजनामा प्रतियोगितामा ४५ वर्ष उमेर माथिका पूर्वखेलाडीले मात्र सहभागिता जनाउने पाउने जनाइएको छ । साथै टिममा दुईजना खेलाडी अनिवार्य ५० वर्ष उमेर माथिको हुनुपर्ने नियम रहेको आयोजकले जानकारी दिएको छ । हेटौंडा उपमहानगरपालिका-५, स्थित पिप्लेक्याम्पा रंगशालामा हुने प्रतियोगितामा १८ वटा टिमले सहभागिता जनाउँदै छन् । प्रतियोगिताको पहिलो दिन मंगलबार पाँचवटा खेल हुनेछन् ।

प्रतियोगिताअन्तर्गत् पहिलो खेल नागस्वती भेट्रान्स हेटौंडा र बौद्ध भेट्रान्स काठमाडौंबीच हुनेछ । मंगलबार नै दोश्रो खेल अभिषेक चर्च र बानेश्वर फ्रेन्स भेट्रान्सबीच हुने आयोजकले जनाएको छ । तेस्रो खेल थारु भेट्रान्स र पशुपति भेट्रान्स हेटौंडाबीच हुने भएको हो ।

चौथो खेल चितवन भेट्रान्स र सिमरा भेट्रान्सबीच हुनेछ भने आजको अन्तिम अर्थात पाँचौ खेल हेटौंडा भेट्रान्स ‘बी’ र एनजे:जेवाईसी सिमराबीच हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले एक लाख एघार हजार एकसय ११ रुपैयाँ र उपविजेताले ५५ हजार पाँच सय ५५ रुपैयाँ प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# प्रचण्ड र ओली २-२ वर्ष बन्नेछन् प्रधानमन्त्री

काठमाडौं,२१ फागुन/ नयाँ सत्ता गठबन्धनका प्रमुख दुई दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको छ । सो सहमति अनुसार माओवादी केन्द्र र नेकपा एमालेले दुई-दुई वर्ष सरकारको नेतृत्व गर्नेछन् ।



माओवादी केन्द्रका एक शीर्ष नेताका अनुसार माओवादी केन्द्रका अध्यक्ष एवम् वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुरुको दुई वर्षसम्म सरकार चलाउने छन् । त्यसपछि बाँकी दुई वर्ष एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्नेछन् ।

कांग्रेससहितको गठबन्धन भत्काएर नेकपा एमाले, माओवादी केन्द्र, रास्वपा र जनता समाजवादी पार्टी (जसपा)को नयाँ सत्ता गठबन्धन बनेको छ । गठबन्धनका यी चार दलका शीर्ष नेताहरुबीच आठ बुँदे लिखित सहमति पत्रमा हस्ताक्षर भएको छ । सहमति पत्रमा राष्ट्रिय सभाको अध्यक्ष माओवादी केन्द्रले र उपाध्यक्ष नेकपा एमालेले लिने लगायतका विषय उल्लेख भए पनि सरकारको नेतृत्व आलोपालो गर्नेबारे भने उल्लेख छैन ।

तर माओवादी केन्द्रका एक शीर्ष नेताले संचारकर्मीसँग भने, ‘एक वर्षसम्म हाम्रो पार्टीका अध्यक्ष प्रचण्डले सरकारको नेतृत्व गरिसक्नु भएको छ । अब बाँकी चार वर्षमध्ये दुई/दुई वर्ष प्रचण्ड र ओलीले आलोपालो सरकार चलाउने समझदारी भएको छ ।’ केन्द्रको समीकरण र समझदारी अनुसार प्रदेश सरकारमा पनि आलोपालो गर्ने शीर्ष तहमा छलफल भएको छ ।

प्रचण्ड र ओलीले दुई/दुई वर्ष सरकारको नेतृत्व गर्दा आफूलाई काम गर्न सहज हुने गरी मन्त्रालय लिने विषयमा पनि समझदारी भएको माओवादीका ती नेताले बताए ।

प्रचण्डले नयाँ सत्ता गठबन्धनबाट एमाले, माओवादी केन्द्र र रास्वपाका एक-एक जनालाई मन्त्रिपरिषदमा समावेश गरिसकेका छन् । तत्कालका लागि एमालेबाट पदम गिरी, माओवादी केन्द्रबाट हितबहादुर तामाङ र रास्वपाबाट डोलप्रसाद अर्याल गरी तीन जना मन्त्री बनेका छन् । तर उनीहरुको मन्त्रालय भने तोकिएको छैन ।

एमाले-माओवादीबीच नयाँ सत्ता गठबन्धनमा वामपन्थी र समाजवादी पक्षधरहरुलाई समेट्दै अघि बढ्ने समझदारी भएको छ । तर राजा र राजसंस्थाको पक्षमा गतिविधि गर्दै आएको राप्रपालाई भने गठबन्धनमा सहमत नगराइने नेताहरुले बताएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

## संघीय निजामती विधेयक :

# निजामती सेवा प्रवेशको अधिकतम उमेर घटाउने प्रस्ताव

काठमाडौं,२१ फागुन/ निजामती सेवा प्रवेशका लागि उम्मेदवार बन्न पाउने अधिकतम उमेर सीमा घटाउने प्रस्ताव गरिएको छ ।

सोमबार संघीय संसदमा दर्ता भएको संघीय निजामती सेवा विधेयकमा पुरुषले ३२ वर्ष र महिलाले ३७ वर्ष हुँदासम्म लोकसेवा आयोगको परीक्षामा सहभागी हुन पाउने प्रस्ताव गरिएको छ । यसअघि पुरुषहरुले ३५ वर्ष र महिलाहरुले ४० वर्षसम्म खुला प्रतिस्पर्धामा सहभागी हुन पाउँथे ।

यसअघि ४० वर्षको उमेरमा सेवा प्रवेश गरेका महिलाहरु ५८ वर्ष उमेरमा सेवा निवृत्त हुँदा सेवा अवधि १८ वर्ष मात्र हुन्थ्यो । पेन्सन पाउन सेवा अवधि कम्तिमा २० वर्ष हुनुपर्छ । १८ वर्षमै सेवानिवृत्त हुने कर्मचारीहरुलाई २ वर्ष सेवा थप गरी सरकारले पेन्सन उपलब्ध गराउँथ्यो ।

तर आइतबार संसद सचिवालयमा दर्ता भएको निजामती सेवा विधेयकमा भने महिला र पुरुष दुवै उम्मेदवारको सेवा प्रवेशको अधिकतम उमेर घटाइएको छ ।

विधेयको दफा १८ मा उम्मेदवार हुनका लागि योग्यता सम्बन्धी व्यवस्था छ । राजपत्र अनंकित वा सहायक तहको पदमा १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने र राजपत्रांकित वा अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था छ ।

यसैगरी पुरुष उम्मेदवार को हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३७ वर्ष उमेर पूरा नभएको हुनुपर्ने व्यवस्था दफा १८ को ‘ग’ मा उल्लेख छ ।

तर भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको संघीय निजामती सेवाको पदमा ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने व्यवस्था राखिएको छ ।

यसैगरी अधिकृत नवौं तहको पदका लागि हुने खुला प्रतियोगितामा ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने छन् ।

पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता वा मध्यम अशक्त अपाङ्गता भएको व्यक्ति पनि ३७ वर्षसम्म उम्मेदवार हुन सक्ने छन् । संघीय निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी संघीय कानुन बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारी वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा स्थानीय नियुक्ति भएका कर्मचारीलाई भने उमेरको हद नलाग्ने व्यवस्था छ ।

संघीय संसदमा दर्ता भएको विधेयक अब संसदभित्रै छलफल, संशोधन र परिमार्जन भएर प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भई राष्ट्रपतिबाट अनुमोदन भएपछि लागू हुनेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना